
# वार्षिक प्रगति प्रतिवेदन

(२०८१ श्रावण १ देखि  २०८२  असार मसान्त सम्म)




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय,ओखलढुंगा

# जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा

## आ.व. ०८१/८२ को वार्षिक प्रगति विवरण

१. कार्यालयको संक्षिप्त परिचय :

२००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव पश्चात् चुस्त एव विकेन्द्रित प्रशासनको आवश्यकता महसुस गरी वडा हाकीमहरुको नियुक्ति गरेको पाइन्छ । सोही वखत सामान्य प्रशासन र प्रहरी ऐनहरु निर्माण भएका थिए । यसै क्रममा गढी, गौडा र गोश्वाराको रुपमा गृह प्रशासनको कार्य संचालन भएको थियो । नेपालको संविधान २०१९ अनुसार नेपाललाई १४ अंचल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरियो । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरुप संचालन गर्न तथा शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो । उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरपालिका वडा नं. ११ मा स्थापना भएको हो । जिल्लामा शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, विपद् व्यवस्थापन, सुशासन कायम, सार्वजनिक शान्ति विरुद्धका कसूर सम्बन्धी मुद्धाको कारबाही गर्ने, उपभोक्ता हित लगायतका विशेष ऐनहरुले व्यवस्था गरे अनुसारका अर्धन्यायिक कार्यहरुमा सुरु कारबाही गर्ने र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय तथा सहजीकरण आदि कार्यहरु जिल्ला प्रशासन कार्यालय अन्तर्गत सम्पादन हुँदै आएका छन् । यस कार्यालयमा कार्यालय प्रमुखका रुपमा प्रमुख जिल्ला अधिकारी -१, सहायक प्रमुख जिल्ला अधिकारी -१, प्रमुख प्रशासकीय अधिकृत-२, नायब सुब्बा-५, लेखापाल -१, कम्प्यूटर-२, खरीदार-३, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी-६ जना गरी जम्मा २२ जना कर्मचारीको दरबन्दी रहेको छ।

यस जिल्ला कुनै पनि अन्तर्राष्ट्रिय सिमासँग नजोडिएको हुनाले सिमा प्रशासन कार्यालय नरहेको तथा जिल्लाको खिजिदेम्बा गाउँपालिका वडा नं. ५, खिजीफलाटेमा एउटा ईलाका प्रशासन कार्यालय रहेको छ । उक्त कार्यालयमा कार्यालय प्रमुखको रुपमा शाखा अधिकृत १, नायब सुब्बा २, सहलेखापाल १, सहायक कम्प्यूटर अपरेटर १ र कार्यालय सहयोगी २ गरी जम्मा ७ जना कर्मचारीको दरबन्दी रहेको छ । ईलाका प्रशासन कार्यालयबाट नागरिकता, नाबालक परिचयपत्र, साधारण सिफारिस लगायतका कार्यहरू सम्पादन हुँदै आएका छन् ।

२.आ.व. २०८१/८२ मा नियमित कामका अतिरिक्त आफ्नै पहलमा सम्पादन गरेका कार्यहरूको विवरणः

क. नवप्रवर्द्धनात्मक कार्यहरू

१. कारागार कार्यालय ओखलढुंगामा १ दिनको लागि राष्ट्रिय परिचयपत्र दर्ता स्टेशन राखी कारागारमा रहेका कैदी बन्दीहरु मध्ये कागजात जुटेका ७ पुरुष र ३ महिला कैदी बन्दीको राष्ट्रिय परिचयपत्र विवरण दर्ता गरेको,
२. सशस्त्र प्रहरीबल नेपाल, आश्रित गुल्म ओखलढुंगाको कार्यालय भवन निर्माणका लागि नियमानुसार जग्गा प्रासिको काम सम्पन्न गरेको साथै यस जिल्लाको मानेभञ्ज्याङ गा.पा. स्थित हर्कपुरमा QRT बेस क्याम्प स्थापना गरिएको,
३. जिल्लाका दुर्गम स्थानीय तहहरु लिखु गा.पा., चिशंखुगढी गा.पा., मोलुङ गा.पा.मा राष्ट्रिय परिचयपत्र विवरण दर्ताको काम टोली खटाई काम सम्पन्न गरिएको र निरन्तर कार्यक्रम अन्य पालिकामा पनि चालु रहेको,

ख. नियमित कार्य सम्पादनको विवरण :

| क. सं. | कार्यसँग सम्बन्धित फाँट/शाखा | कार्यहरूको विवरण | सम्पादित कार्यहरूको कुल जम्मा परिमाण |
|---|---|---|---|
| १. | | नागरिकता वितरण नयाँ | ४३०६ |
| २. | | नागरिकताको प्रतिलिपि वितरण | ३१०७ |
| ३. | | वैवाहिक अगीकृत नागरिकता | ३ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| | | | |
|---|---|---|---|
| ४. | नागरिकता तथा प्रतिलिपी शाखा | कर्मचारी परिवारको नाताले नागरिकता | १ |
| ५. | | गैरआवासिय नेपाली नागरिकता वितरण | ३ |
| ६. | | नागरिकता परित्याग | ५ |
| ७. | | नाबालक परिचयपत्र वितरण | ८९ |
| ८. | | पुरानो नागरिकता ईन्ट्रि | ४२८ |
| ९. | | नागरिक एप सम्बन्धी नागरिकताको विवरण अद्यावधिक | १७५४ |
| १०. | राहदानी तथा जिन्सी शाखा | विद्युतीय राहदानी अनलाईन इन्रोलमेन्ट | २१४८ |
| ११. | | राहदानी वितरण | ३१०८ |
| १२. | राष्ट्रिय परिचयपत्र दर्ता स्टेशन | राष्ट्रिय परिचय पत्र विवरण दर्ता | ९६७६ |
| | | राष्ट्रिय परिचय पत्र वितरण | १६४६ |
| १३. | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा | वजार अनुगमन | ११ |
| १४. | | कार्यालय अनुगमन | १० |
| १५. | | संघ/संस्था अनुगमन | २४ |
| १६. | | संघ/संस्था दर्ता | २१ |
| १७. | | संघ/संस्था नवीकरण | १२४ |
| १८. | | अन्तर जिल्ला सुरक्षा समन्वय वैठक | ३ |
| १९. | | जिल्ला सुरक्षा समितिको वैठक | ५१ |
| २०. | | कार्यालय प्रमुख वैठक | १२ |
| २१. | | कर्मचारी बैठक | १२ |
| २२. | | जिल्ला विपद् व्यवस्थापन समितिको वैठक | ६ |
| २३. | | सर्वदलीय सर्वपक्षीय बैठक | १ |
| २४. | | विकास आयोजना तथा मुआव्जा/क्षतिपूर्ति निर्धारण वैठक | १ |
| २५. | | सवारी पास | ५९९ |
| २६. | | सि.सि.टि.भी. जडान अनुमति | ० |
| २७. | | ड्रोन क्यामरा उडान अनुमति | ० |
| २८. | | दलित, आदिवासी/जनजाती तथा अन्य सिफारिस | ४६२ |
| २९. | | राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तरगत सुत्केरी महिलाहरूको उद्दार | २७ |
| ३०. | | कारागारमा रहेका कैदी बन्दीहरूको संख्या | ७३ |
| ३१. | | कोभिड-१९ परीक्षण | ० |
| ३२. | | कोभिड-१९ विरुद्धको खोप लगाएका संख्या | ० |
| ३३. | मुद्दा तथा हातहतियार शाखा | अभद्र व्यवहार सम्बन्धी मुद्दा दर्ता | १९ |
| ३४. | | अभद्र व्यवहार सम्बन्धी मुद्दा फछ्र्यौट | १४ |
| ३५. | | सवारी क्षतिपूर्ति सम्बन्धी मुद्दा दर्ता | ३ |
| ३६. | | सवारी क्षतिपूर्ति सम्बन्धी मुद्दा फछ्र्यौट | ० |
| ३७. | | अनियमितता तथा अख्तियारमा परेको उजुरी दर्ता | ६ |
| ३८. | | अनियमितता तथा अख्तियारमा परेको उजुरी फछ्र्यौट | ५ |
| ३९. | | विस्फोटक पदार्थको प्रयोगको इजाजत दर्ता | ५ |
| ४०. | | विस्फोटक पदार्थको प्रयोगको इजाजत नविकरण | १२ |
| ४१. | | हातहतियार इजाजत दर्ता | ० |

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुंगा

| | | | |
|---|---|---|---|
| ४२. | | हातहतियार इजाजत नविकरण | १३ |
| ४३. | आर्थिक प्रशासन शाखा | राजश्व संकलन | १०८९९५०४ |
| ४४. | | विपद राहत वितरण | १८८३५००० |

<u>इलाका प्रशासन कार्यालय खिजिफलाटेबाट प्राप्त विवरण अनुसार उक्त ,कार्यालयबाट सम्पादन भएको कार्यहरूको विवरण</u>

| क्र. सं. | कार्यसँग सम्बन्धित फाँट/शाखा | कार्यहरूको विवरण | सम्पादित कार्यहरूको कुल जम्मा परिमाण |
|---|---|---|---|
| १. | नागरिकता तथा प्रतिलिपी शाखा | नागरिकता वितरण नयाँ | ९३२ |
| २. | | नागरिकताको प्रतिलिपि वितरण | ५६४ |
| ३. | | कर्मचारी परिवारको नाताले नागरिकता | ० |
| ४. | | नाबालक परिचयपत्र वितरण | २३ |
| ५. | | पुरानो नागरिकता ईन्ट्रि | ० |
| ६. | | नागरिक एप सम्बन्धी नागरिकताको विवरण अद्यावधिक | ० |
| ७. | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा | दलित, आदिवासी/जनजाती तथा अन्य सिफारिस | ८३ |
| ८. | | वजार अनुगमन | १ |
| ९. | राष्ट्रिय परिचयपत्र सम्बन्धी | राष्ट्रिय परिचयपत्र विवरण दर्ता | १४१९ |
| १०. | | राष्ट्रिय परिचयपत्र वितरण | ० |

## <u>३. यस कार्यालयले सामना गरिरहेका केही समस्या तथा चुनौतीहरू:</u>

**क. समस्याहरू :**

- ईन्टरनेट सेवा समय समयमा अवरुद्ध भई नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्र Live Enrollment गर्न समस्या रहेको,
- कार्यालयको काम अझै प्रभावकारी बनाउनका लागि कार्यालयमा दुइपाङ्ग्रे सवारी साधनको अभाव रहेको ।

**ख. चुनौतीहरू :**

- नागरिकता प्राप्त गर्नका लागि अनिवार्य रुपमा सम्बन्धित वडाबाट सिफारिस भै आएका विगत देखिकै नागरिकताको अनुसूचिहरु एवं सो साथ संलग्न अन्य कागजातहरुको व्यवस्थापन,
- राष्ट्रिय परिचयपत्रको विवरण दर्ता भई नम्बर प्राप्त नगरेका तथा आवेदन रुजु भर्पाई हराएका व्यक्तिहरुको हकमा नागरिकता प्रमाणपत्र नम्बरका आधारमा जिल्ला प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्र नम्बर हेर्ने व्यवस्था मिलाउनु,
- राहदानी system मा बारम्बार देखिने समस्याको समाधान गरी सेवा प्रवाहलाई भरपर्दो र दिगो बनाउनु ।

प्रशासकीय अधिकृत